



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com

**उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं ।**
- स्थानीय स्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

❖ वर्ष ३५ ❖ २०७९ वैशाख १० गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 April 23 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३४

# वीरगंजमा गठबन्धनले राजेशमानलाई मत देला ?

## मत नदिनुको विकल्प पनि त छैन -नेताहरू

प्रस, परवानीपुर, ९ वैशाख/

यही वैशाख ३० गते हुने स्थानीय तहको चुनावमा मधेसको एकमात्र महानगर वीरगंजमा चुनावको चर्चा तीव्र भएको छ। गठबन्धनको केन्द्रीय कार्यदलले छवटा महानगरको भागबन्डा मिलाएर यसअघि जितेको जसपाको पोल्टामा वीरगंज पारेपछि झनै चुनावी रौनक बढेको छ । गठबन्धनबाट वीरगंज महानगर प्रमुखमा जसपा र उपप्रमुख काङ्ग्रेसको भागमा परेसँगै गठबन्धनकै सबै दलका नेता, कार्यकर्ताहरूले गठबन्धनका साझा उम्मेदवारलाई मत दिन्छन् कि दिंदैनन् भन्ने चर्चा अहिले तीव्र भएको छ ।

वीरगंजको नगरप्रमुखका लागि पर्सा काङ्ग्रेसले उम्मेदवार उठाउने आधिकारिक निर्णय गरिसकेको अवस्थामा नगरप्रमुखको पद जसपाको पोल्टामा गएपछि यसबारेमा शङ्का-उपशङ्काहरू उठ्न थालेका छन् । गठबन्धनको केन्द्रीय निर्णयबाट काङ्ग्रेसका नेता, कार्यकर्ताहरू असन्तुष्ट रहेको अवस्थामा सबैले गठबन्धनको निर्णयलाई सघाएर स्थानीय चुनवामा निर्णय कार्यान्वयन गर्छन् कि गर्दैनन् भन्ने विषयले पनि चर्चा पाएको छ ।

जसपाका नेता एवं सङ्घीय सांसद प्रदीप यादव प्रतिगामी शक्ति एमालेविरुद्ध गठबन्धनले गरेको निर्णय स्वागतयोग्य भएको बताउँछन् ।

आगामी चुनावमा गठबन्धनका सबै



दलले सहयोग गर्ने उनले विश्वास व्यक्त गरे। वीरगंजको मात्र होइन, गठबन्धनले देशभरिका महानगरमा प्रमुख र उपप्रमुखमा तालमेल गरी उम्मेदवार अघि सारिसकेको उनले बताए। मलाई लाग्दैन हामीसँग गठबन्धन दलका नेता, कार्यकर्ताहरूले घात गर्छन्, यादवले भने। उनले गठबन्धनको एउटै लक्ष्य एमालेलाई पराजित गर्नुरहेको बताए।

नेपाली काङ्ग्रेस, पर्साका सभापति जनार्दनसिंह क्षत्रीले गठबन्धनको निर्णयले वीरगंजमा काङ्ग्रेसी नेता निराश भए तापनि निर्णयलाई मान्नुबाहेक अन्य विकल्प नभएको बताए। काङ्ग्रेसले जित्ने आधार तय गरिसकेको थियो, तर बीचमैं गठबन्धनको निर्णय आयो, वीरगंज जसपाको भागमा परेको छ, उनले भने, निर्णयबाट पछि हट्न मिल्दैन, तर अवस्था अहसज छ, विषम परिस्थितिलाई सहज बनाउनु नै राजनीति हो, हामीले त्यही गर्छौं ।

गठबन्धनको अर्को दल नेकपा माओवादी केन्द्रका नेता रहबर अन्सारीले गठबन्धनको संयन्त्रबाट केन्द्रीय निर्णय भएकोले आफूहरू मान्न तयार रहेको बताए । उनले गठबन्धनको निर्णय अनुसार नगरप्रमुख र उपप्रमुखमा तालमेल भइसकेको र बाँकी वडास्तरमा पनि तालमेल गरी उम्मेदवार अघि सार्ने गृहकार्य भइरहेको बताए ।

नेकपा एकीकृत समाजवादी पार्टी, पर्साका अध्यक्ष बालगोपाल थापाले गठबन्धनको निर्णय स्वागतयोग्य भएको बताए । उनले एमालेसँग मुख्य प्रतिस्पर्धा भइरहेकोले गठबन्धनको निर्णय नीतिगतरूपमा ठीक लागेको चर्चा गर्दै वडामा पनि एमालेलाई कडा टक्कर दिन तालमेल गरी अघि बढ्ने दाबी गरे ।

## गठबन्धन झस्केको वीरगंजमा एमालेका सरावगीलाई जीतको लागि ४० हजार मत आवश्यक

राधेश्याम पटेल, परवानीपुर, ९ वैशाख/

मधेस आन्दोलनपछि भएको पहिलो स्थानीय तहको चुनावमा वीरगंजसँगै मधेसभरि नै गाली खाएको दल हो, केपी शर्मा ओली नेतृत्वको नेकपा एमाले। त्यति बेला ओली र उनको दललाई मधेसविरोधी शक्ति भनेर चित्रण गरिएको थियो। जसका कारण मधेश प्रदेशभरि नै एमालेको नतीजा सबैभन्दा कमजोर आएको थियो । तर आगामी दोस्रो स्थानीय तहको चुनावमा ओलीको एमाले मधेसमा सशक्त दलको रूपमा सहभागिता जनाउँदैछ । मधेस आन्दोलनपछि मधेसी दलहरूले देखाएको व्यवहार र उनीहरूले मधेसी जनताको भावनालाई बुझ्न नसक्नु नै मधेसमा एमालेको उपस्थिति बलियो हुँदै गयो । त्यस्तै, गठबन्धनमा सामेल नेपाली काङ्ग्रेस गुट-उपगुटमा विभाजित दलको रूपमा चिनिन्छ ।

नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले मधेसमा जसरी राजनीतिक पकड बनाउनुपर्थ्यो, त्यसरी गर्न नसकेको गठबन्धनका केन्द्रीय नेताहरूले राम्ररी बुझेका छन् । त्यसैको नतीजा हो कि स्थानीय चुनावमा एमालेलाई पराजित गर्न गठबन्धनले सहकार्य गरी उम्मेदवार उठाउने दिशामा अग्रसर देखिएको हो ।

मधेसमा एमालेप्रति देखिएको लहरले पनि गठबन्धनका नेताहरू झस्केका छन् । वीरगंजमा मधेसवादी दल जनता समाजवादी पार्टीबाट निर्वाचित नगरप्रमुख विजयकुमार सरावगी एमाले प्रवेश गरेसँगै गठबन्धनमैं हेभिवेट उम्मेदवारको खोजी शुरू भएको छ ।



अहिले वीरगंजमा गठबन्धनको तर्फबाट जसपाका राजेशमान सिंह र एमालेका सरावगीबीच नै मुख्य प्रतिस्पर्धा हुने लगभग निश्चित भइसकेको अवस्थामा वीरगंजमा कुन आधारमा एमाले मजबूत छ भन्ने केही तथ्यहरूले पुष्टि गर्छन् । वीरगंजमा अहिले एक लाख २४ हजार ६४७ जना मतदाता छन् । जसमा पुरुष ७० हजार ८१० र महिला ५३ हजार ८३३ जना छन् । गत चुनावमा कुल मतदाता सङ्ख्यामध्ये ६३ प्रतिशतले मत हालेको थियो । यसपालि पनि सोही हाराहारीमा मत खस्ने अनुमान गरिएको छ।

गत चुनावमा तत्कालीन मधेसी जनअधिकार फोरका (अहिले जसपा)का सरावगीले १९ हजार ३९२, काङ्ग्रेसका अजयकुमार द्विवेदीले १७ हजार १९७, विजयकुमार गच्छदारको मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका विमल श्रीवास्तवले आठ हजार ७०९, एमालेका बसरुद्दीन अन्सारीले आठ हजार ६८८, माओवादीका रहबर अन्सारीले आठ हजार ३०५ र राजपाका राजेशमानले १२ हजार १६५ मत ल्याएका

(बाँकी अन्तिम पातामा)

## संयुक्त राष्ट्र संघ, विकास साझेदारहरु र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघ नेपालको अपिल

हामी, संयुक्त राष्ट्र संघ, विकास साझेदारहरु र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघ नेपाल (AIN) ले हस्ताक्षर गरेको कार्य सञ्चालनका आधारभूत मार्गदर्शनहरु (Basic Operating Guidelines) अनुसार विकास सहयोगमा निष्पक्षता, जवाफदेहिता, पारदर्शिता र समावेशीता प्रति हामी प्रतिवद्ध छौं । नेपालको महत्वपूर्ण स्थानिय निर्वाचन हुन गइरहेको सन्दर्भमा उल्लेखित सिद्धान्तहरु प्रति हाम्रो प्रतिवद्धतामा जोड दिन चाहन्छौं ।

त्यहि भावना अनुसार हामी राजनीतिक दल, सरोकारवालाहरु र अन्य समूहहरुलाई यी सिद्धान्तहरु, नेपालको विकासलाई अघि बढाउन र आसन्न निर्वाचन सफल पार्न सामुहिक प्रयासलाई सम्मान गर्न अपिल गर्दछौं ।

हामी विशेषतः हाम्रा कर्मचारी र परियोजनाहरुले सामना गर्नु पर्ने चुनौतीहरु प्रति चासो रहेको छ, जस्तै सरोकारवालहरुले चन्दा वा जिन्सी सहयोग उपलब्ध गराउन दिने दावाव । हामी सबै सरोकारवालाहरुलाई प्रष्ट पार्न चाहन्छौ कि, कार्य सञ्चालनका आधारभूत मार्गदर्शनहरु (Basic Operating Guidelines) का हस्ताक्षरकर्ता संस्थाहरुले नेपालको आउँदो निर्वाचन वा अन्य कुनै पनि समयमा चन्दा, नगद वा जिन्सी उपलब्ध गराउने छैन । न त हाम्रा कर्मचारी वा साझेदारहरु प्रति लक्षित कुनै पनि प्रकारको जबरजस्ती, त्रास वा धम्की दिने कार्य स्वीकार्न सक्दैनौं । हाम्रा साझेदारहरु र कर्मचारीहरुलाई यस नीति बारे निर्देशन दिईसकेका छौं ।

त्यसैले हामी नेपाल सरकार, राजनीतिक दल, सरोकारवालाहरु र अन्य समुहहरु संग कार्य सञ्चालनका आधारभूत मार्गदर्शनहरुका (Basic Operating Guidelines) सिद्धान्तहरु लाई सम्मान गर्दै नेपाली जनतालाई लाभान्वीत गर्नका लागि निर्वाचानको सन्दर्भमा पनि विकास गतिविधिलाई विनाअवरोध निरन्तरता दिन अनुरोध गर्दछौं ।

### तल उल्लेखित निकायहरुद्वारा सहमति गरिएका कार्य सञ्चालनका आधारभूत मार्गदर्शनहरु

अन्तर्राष्ट्रिय मान्यता प्राप्त तथा नेपालमै सहमत भएका जवाफदेहिता, निष्पक्षता, पारदर्शिता तथा समावेशिताका सिद्धान्तहरूमा आधारित हामी निम्न बमोजिमका निकायहरुले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका जनताका लागि सबै किसिमका विकास कार्यहरु गर्न र आवश्यकता भएमा मानवीय सहयोग गर्नको लागि समेत तल उल्लेखित कार्य संचालनका आधारभूत मार्ग दर्शनहरुमा कार्य गर्न सहमति जनाएका छौं ।

१. हामी नेपाली जनताको जीवनस्तर सुधारमा योगदान गर्नका लागि नेपालमा कार्यरत छौं । गरिबी न्यूनीकरण, आधारभूत आवश्यकताहरु परिपूर्ति गर्न र उनीहरुका विकास आकांक्षा पूरा गर्न समुदाय र देशलाई सक्षम बनाउन केन्द्रित हुनेछौं ।
२. हामी नेपाल सरकार संगको सम्झौता र स्थानीय समुदायहरुले स्वेच्छाले मुखरित गरेका चाहाना बमोजिम काम गर्दछौं । हामी जनमर्यादा, उनीहरुको संस्कृति, धर्म र रीतिरिवाजको सम्मान गर्दछौं ।
३. हामी नेपालका गरिव र सामाजिक रूपले पिछडिएका जनताहरुका लागि उनीहरु जहाँ बसेको भए पनि र जोसुकै भए पनि सहयोग पुऱ्याउँछौं । हाम्रा सहयोग कुनै राजनीतिक, जातिगत, धार्मिक वा अन्य आधारमा नभइ आवश्यकता र प्राथमिकताका आधारमा जो नेपाल सहयोगी राष्ट्र वा संस्थाको छलफलमा आधारित हुने छन् ।
४. हाम्रा सहयोगहरु सरकार र प्रभावित समुदायसंग पारदर्शी गर्ने, सुनिश्चित गर्दछौं, साथै लक्षित लाभान्वितहरु, उनीहरुका समुदायहरु तथा प्रतिनिधिहरुलाई कार्यक्रम तर्जुमा, व्यवस्थापन र कार्यान्वयनमा समेत संलग्न गराउछौं । हामीले सहयोग पुऱ्याउन खोजेकाहरु प्रति र उक्त सहयोगका लागि स्रोत र साधन पुऱ्याउने दुवैप्रति हामी जवाफदेही हुनेछौं ।
५. खासगरी लिंग, जातिगत, जात र धर्मको आधारमा गरिने भेदभाव र सामाजिक बहिष्कारलाई सुधार्नमा हाम्रा सहयोगलाई सुनिश्चित गर्न खोजिनेछ ।
६. हाम्रा कामका लागि चाहिने योग्यता भएका र काम सुहाउँदा कर्मचारीहरु भर्ना गर्दछौं र राजनीतिक वा अन्य कुनै कुराहरुको आधारमा गर्दैनौं ।
७. हाम्रा कर्मचारीहरु र विकासका साझेदारहरुलाई हिंसा, अपहरण, हैरानी, त्रास वा धम्की दिने कार्य हामीलाई स्वीकार्य छैन । हाम्रा कार्यक्रम र कर्मचारीहरुको सुरक्षाका साथै निर्वाध कार्यक्रम कार्यान्वयनका लागि उचित वातावरण बनाई दिन हुन सबन्धित सबैलाई जोड गर्दछौं ।
८. हाम्रा लाभान्वित समुदाय, कर्मचारी र सेवा प्रदायक साझेदारलाई असर गर्ने यौन शोषण, हैरानी र दुव्यवहार रोक्न तथा आरोपहरुको सम्बोधन गर्न हामी प्रतिवद्ध छौं ।
९. हाम्रा मुख्य मूल्य र मान्यताहरुमा सम्झौता गर्न हाम्रा कर्मचारीहरुलाई बाध्य तुल्याउने ठाउँमा हामी कार्य गर्दैनौं ।
१०. हाम्रा स्रोतसाधनहरुलाई कुनै किसिमको हिंस्रक, साम्प्रदायिक वा अन्य अभिप्राय जो हाम्रा उल्लेखित कार्यक्रमका उद्देश्य बाहिर भए हामीलाई मान्य हुनेछैन ।
११. हाम्रा उल्लेखित कार्यक्रमका उद्देश्य बाहिर हामी कुनै पनि समूह, राजनीतिक दल वा आवद्ध संस्थाहरुलाई चन्दा दिदैनौ साथै कुनै किसिमको करकाप वा स्वैच्छिक नगद वा जिन्सी प्रदान गर्दैनौं ।
१२. हाम्रा उपकरण, मालसामानहरु र साधनहरु हाम्रा कार्यक्रममा उल्लेखित उद्देश्य वाहेक अन्य कार्यहरुमा प्रयोग गर्न दिइने छैन । हाम्रा सवारीसाधनहरू विकासको कार्यक्रमसंग प्रत्यक्ष सम्बन्ध नभएका व्यक्ति वा सामानहरु ढुवानी गर्न प्रयोग हुने छैन । हाम्रा सवारीसाधानहरु सशस्त्र वा जंगी पोशाक लगाएका कर्मचारीहरु ओसारपसार गर्न प्रयोग गरिने छैन ।
१३. विकास वा मानवीय सहयोगको चोरी, अन्य कार्यमा प्रयोग वा दुरुपयोग जस्ता कार्यहरु हामीलाई मान्य छैन ।
१४. हामी सबै सम्बन्धितलाई विकास तथा मानवीय कर्मचारीहरुलाई सहयोगको आवश्यकतामा रहेका जनतासम्म विकासका कार्यक्रमहरुलाई कार्यान्वयनका लागि पूर्ण पहुँच प्रदान गर्न साथै उनीहरुको सुरक्षाको प्रवर्द्धन र स्वतन्त्र आवागमन गर्न दिन आग्रह गर्दछौं ।
१५. हामी सबै सम्बन्धित पात्रहरुबाट अन्तर्राष्ट्रिय मानवीय तथा मानव अधिकार कानुनहरुको कडाईका साथ पालनाको अपेक्षा गर्दछौं र यसका लागि प्रोत्साहित गर्दछौं ।

United Nations
European Union
Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra
Swiss Agency for Development and Cooperation SDC
UKaid from the British people
JICA
NORWEGIAN EMBASSY
Ministry for Foreign Affairs of Finland
Australian Aid
giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH
25 Years of Partnership ain for Humanity and Development
Association of International NGOs in Nepal
SNV Connecting People's Capacities Netherlands Development Organisation
KOICA Korea International Cooperation Agency
AMERICAN EMBASSY

## विचारसार र सूक्तिहरू

**सबैका लागि प्रार्थना गर । हुन सक्छ कसैको भाग्य तिम्रो प्रार्थनाको प्रतीक्षा गरिरहेको होस् ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# निरीह प्राधिकरण

**मुलुकमा अघोषित लोडसेडिङ छ। माघ/फागुनबाटै शुरू भएको अघोषित लोडसेडिङ अहिले उकालो चढ्ने क्रममा छ। असार लाग्न अझै दुई महीना बाँकी छ। असारे बर्खा शुरू भएपछि मात्रै नदी तथा जलाशयमा पानीको मात्रा बढ्ने हो। पानीको मात्रा बढे विद्युत् उत्पादन क्षमता पनि वृद्धि हुन्छ। पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म लोडसेडिङ मुक्त जिल्ला छैन। फेरि पनि विद्युत् प्राधिकरण लोडसेडिङ भनेर स्वीकार्न तयार छैन। केही पहिलेसम्म प्राधिकरणले विज्ञप्ति नै जारी गरेर भारवहन क्षमताभन्दा बढी विद्युत् प्रवाह हुँदा केही समय विद्युत् प्रसारण तथा आपूर्तिमा अवरोध भएको हो, लोडसेडिङ होइन भन्दै उपभोक्तालाई ढाँटीरहेको थियो। कहींकतै प्राविधिक कारणले विद्युत् कटौती हुनुलाई लोडसेडिङ भन्न नमिल्ने भन्दै उसले आफ्नो बचाउ गरिरहेको थियो। अवरोध न्यूनीकरण र निराकरण गर्न प्राधिकरण प्रयासरत रहे पनि विद्युत् कटौती घट्नुपर्नेमा आज त दैनिक १२ घण्टासम्म बढेको छ। अहिले वीरगंज–सिमरा औद्योगिक क्षेत्रका उद्योगहरूमा १२ घण्टा विद्युत् कटौती भएको छ। प्राधिकरणले एक मेगावाटभन्दा बढी विद्युत् खपत गर्ने उद्योगहरूलाई बेलुकी ६ देखि बिहान ६ बजेसम्म विद्युत् दिंदैन। अधिकांश ठूला उद्योगहरूमा विद्युत् कटौटी गरिएको छ।**

**उद्योग क्षेत्रमा मात्रै होइन, आवासीय क्षेत्रमा पनि हरेक दिन १० देखि १५ पटकसम्म लाइन कटिरहेको छ। वीरगंज महानगर क्षेत्रमा दैनिक १० पटकसम्म लाइन काटिने गरिएको छ भने पर्साका ग्रामीण क्षेत्रहरूमा दैनिक १५ पटकसम्म लाइन काटिरहेको छ। शहरमा रातको समयमा केही राहत छ तर ग्रामीण क्षेत्रमा रातभर नै विद्युत् कटौती हुने गरेको छ। प्राधिकरणले उपभोक्तालाई ढाँट्ने मात्रै होइन कि, उपभोक्ताको चेतनास्तर हेरेर व्यवहार गरिरहेको छ। ग्रामीण उपभोक्ताहरू जति दिन विद्युत् कटौती भएपनि शहरमा आएर नाराबाजी गर्ने, मिडियाबाजी गर्ने गर्दैनन्। त्यसैले उनीहरूलाई जसो गरे पनि हुन्छ भन्ने प्राधिकरणको मानसिकता देखियो। लोडसेडिङमुक्त भनिएको मुलुकमा दिनहुँ लाइन किन कटौती भइरहेको छ? उपभोक्तालाई यथार्थ जानकारी दिन नसक्ने, आफ्नो मातहतका निकायले पनि कहींकतै बदमाशी गरेको छ कि, अनुगमन गर्न नसक्ने अनि कतै बिग्रे–भाँचे वा उपकरणमा खराबी छ भने त्यसलाई महीनौंसम्म पनि सुधार गर्न नसक्ने, विद्युत् प्राधिकरण अति निरीह बनेको छ। पैसा तिर्छु भन्ने सेवाग्राहीलाई आवश्यक सो मिटरसमेत दिन नसक्ने निकम्मा अवस्थामा प्राधिकरण पुगेको छ।**

**विगतमा यही मुलुकमा १८ घण्टासम्म लोडसेडिङ भएको हो। त्यो अवस्थालाई सुधारेपछि प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ लोकप्रिय बने। उनलाई जिम्मेवारीविहीन गराउने सरकार पनि अलोकप्रिय बन्यो। उनी फेरि जिम्मेवारीमा छन्, तर आशातित सुधार हुन सकेको छैन। राजनीतिक लेबल लागेपछि लोडसेडिङलाई लोडसेडिङ हो भन्न सक्ने अवस्थासमेत उनको रहेन। लोडसेडिङको नियमित तालिका घोषणा हुने हो भने उपभोक्ताले क्षति न्यूनीकरणको बाटो अपनाउने थिए। विद्युत् कटौतीको मुख्य कारण माग अनुसारको विद्युत् उत्पादन नहुनु नै हो। भारतबाट आउने बिजुली भारु १२ देखि २० सम्म महँगो पर्ने भएपछि प्राधिकरणले खासै चासो लिएको छैन। हिजो त्यही बिजुली सस्तो भारु दुई रुपैयाँमा किनेर महँगोमा बेचेको सञ्चिति रकम यतिबेला [redacted] गर्न सक्नुपर्छ।**

# ग्रामीण विकासमा लघुवित्त

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**लघुवित्तबाट ऋण लिने ऋणी कमजोर हुन्छ। कृषिमा निर्भर भएका वा ग्रामीण भेगमा बसोवास गर्ने व्यक्ति लघुवित्तको ग्राहक हुन्छ। त्यसमाथि लघुवित्तले धितोविना कर्जा दिने भएकोले जोखिम यसै पनि बढी हुन्छ। त्यसैले यस विषयमा ध्यान दिनु आवश्यक छ।**

कुनै पनि वित्तीय सेवाको पहुँचबाहिर रहेका बेरोजगारी वा न्यून आय भएका व्यक्ति वा साना व्यवसायीलाई लक्षित गरेर उनीहरूको आर्थिक उन्नति गराउने उद्देश्यले सञ्चालन गरिने वित्तीय वा बैंकिङ सेवा नै लघुवित्त (माइक्रोफाइनान्स) हो। सामान्यतया लघुवित्त सेवा गरीब र विपन्न वर्ग, सामाजिकरूपमा सीमान्तकृत तथा भौगोलिकरूपमा पछाडि परेका वर्गलाई आत्मनिर्भर बन्न मदत गर्ने किसिमले सञ्चालनमा आएको हुन्छ। ती वर्ग र समुदायका नागरिकलाई वित्तीय सेवा प्रदान गर्दै उनीहरूको आयआर्जनमा सकारात्मक प्रभाव पार्न परिचालन गरिने आर्थिक स्रोत हो, लघुवित्त। जसले लक्षित वर्गको व्यक्तिगत वा सामूहिक उद्यमशीलता विकास गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउँछ। लघुवित्त आफैंमा सानो पूँजीको संरचना हो। जसले सानो ऋण प्रवाहलाई महत्त्व दिन्छ।

विश्वव्यापीरूपमा लघुवित्तको अवधारणा वर्षौं पुरानो भए पनि सन् २००६ मा नोबेल शान्ति पुरस्कारबाट सम्मानित बङ्गलादेशी प्रोफेसर मोहम्मद युनुसले बङ्गलादेशमा सन् १९८३ (शुरूआत १९७६) मा ग्रामीण बैंक स्थापना गरी विपन्न नागरिकलाई दिगो पारिवारिक आय प्रदान गर्दै लघु उद्यम स्थापना गर्न मदत गरेको दृष्टान्तबाट प्रेरित भएको पाइन्छ। हाल कम विकसित र विकासोन्मुख देशमा लघुवित्तको अभ्यास भइरहेको पाइन्छ। नेपालमा लघुवित्तको उपस्थिति सन् १८८२ मा कृषि विकास बैंकले साना किसान विकास कार्यक्रम शुरू गरेसँगै भएको पाइन्छ। नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्याङ्क हेर्ने हो भने हाल नेपालमा ६६ लघुवित्त कम्पनी बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन–२०७३ अन्तर्गत रही सञ्चालनमा रहेका छन्। पछिल्लो समय नेपालमा पनि लघुवित्तको विकास र विस्तारले व्यापकता पाएको देखिन्छ। नेपाल राष्ट्र बैंकद्वारा २०७८ मा प्रकाशित लघुवित्त वित्तीय संस्थाहरूको निरीक्षण तथा सुपरीवेक्षणासम्बन्धी वार्षिक प्रतिवेदन २०७६–७७ मा ४६ लाख ८६ हजार ६ सय ग्राहकले लघुवित्तको सुविधा लिएको उल्लेख छ।

हाल नेपालका अधिकांश ग्रामीण क्षेत्रमा कुनै न कुनै रूपमा लघुवित्तको उपस्थिति रहेको पाइन्छ। लघुवित्तको विस्तार व्यापक भइरहे पनि ग्रामीण समाजमा यसको आवश्यकता किन? लक्षित वर्गमा वित्तीय साक्षरता कसरी विकास गर्ने? लघुवित्तबाट लिएको ऋणलाई कहाँ र कसरी उत्पादक बनाउने? यसले लागू गरेका कार्यक्रममा स्थानीय तहको भूमिका कस्तो हुने? यसको पूँजी अनुत्पादक क्षेत्रमा लगानी भए के हुन्छ? ऋणीको पारिवारिक सहमति आवश्यक हुन्छ कि हुँदैन? जस्ता प्रश्नमा अझ अलमल देखिनुले लघुवित्तको प्रभावकारिता कम आकलन भइरहेको छ। हाल नेपालका ग्रामीण क्षेत्र र त्यहाँ बसोवास गर्ने गरीब नागरिकलाई आधार बनाएर सञ्चालन भइरहेका लघुवित्त पक्कै पनि ग्रामीण समुदायमा आर्थिक उन्नतिको पूर्वाधार निर्माण गर्ने विकासका संवाहक हुन्। वास्तवमा यो सानो लगानीमा ठूलो परिवर्तन गराउन सक्ने वित्तीय प्रणाली हो।

यसरी ग्रामीण क्षेत्रमा बसोवास गर्ने महिला र पुरुषलाई विशेषगरी सामूहिक आधारलाई धितो मानेर ऋण उपलब्ध गराउँदै उनीहरूको पारिवारिक जीवनको गुणस्तर सुधार गर्ने र समाजमा स्थापित गराउने लक्ष्य राखेर काम गर्नु लघुवित्तको विशेषता हो। ग्रामीण क्षेत्रका गरीब तथा विपन्न नागरिकको बैंकिङ वा वित्तीय बानी प्रोत्साहन गर्दै उनीहरूको नियमित बचतलाई दीर्घकालीनरूपमा लाभदायक हुनेगरी आर्थिकरूपमा बलियो बनाउने कार्यलाई लघुवित्तले आफ्नो उद्देश्य बनाउनुपर्छ। लघुवित्तले चालेका कार्यक्रम स्थानीय परिस्थिति अनुकूल र लागत प्रभावकारी हुँदै स्थायी हुनुपर्छ। लघुवित्तले ग्रामीण र विपन्न समुदायमा कृषि तथा पशुपालन, घरेलु तथा साना उद्योग, व्यापार, वैकल्पिक ऊर्जा, वैदेशिक रोजगार, शिक्षा, गृहनिर्माण, स्वास्थ्य बीमालगायत क्षेत्रमा पूँजी प्रवाह गर्न सकेमा पूँजी लगानीमा विविधीकरण हुन गई भविष्यमा राम्रो प्रतिफल देखा पर्न सक्छ। लक्षित वर्गको आयआर्जनमा वृद्धि गर्दै आर्थिक अनुशासन कायम गराउन सके लघुवित्तहरूले ग्रामीण विकासमा ठूलो सहयोग पुऱ्याउन सक्छन्।

हाल नेपालमा सञ्चालित लघुवित्तहरू केन्द्रमा दर्ता भएर ग्रामीण क्षेत्रमा लगानी गर्दा स्थानीय सरकारसँग सहकार्य गर्दै साझा कार्यक्रम तयार गर्न नसक्नुले कहीं कतै अप्ठ्यारो देखापरेको छ। लागू गरिएका कार्यक्रममा समावेशीकरण, उद्यमशीलता, समानता र गरीबी समेट्न नसकेको खण्डमा प्रभावकारिता दिगो बन्न सक्दैन भन्ने प्रश्न पनि आउन सक्छ। त्यस्तै कतिपय दुर्गम जिल्लामा लघुवित्तको ऋण तिर्न नसकेर महिला घर छोड्न बाध्य, ऋणको विषयमा परिवारका अन्य सदस्य अनभिज्ञजस्ता समाचार आइरहँदा पक्कै पनि कार्यान्वयनमा कमीकमजोरी रहेको पाइन्छ। त्यसैले हाल देखिएका कमीकमजोरीलाई तत्काल सम्बोधन गर्दै सम्बन्धित पक्षबाट उचित कदम चाल्नुपर्ने अहिलेको आवश्यकता हो। लक्षित वर्गको आयआर्जनमा वृद्धि गर्दै आर्थिक अनुशासन पालना गर्न–गराउन सके लघुवित्तहरूले ग्रामीण विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याउन सक्छन्। कुनै पनि क्षेत्रको विकासको शुरूआत आर्थिक प्रगतिबाट मात्र सम्भव देखिने भएकोले गरीब समुदायमा उनीहरूको आम्दानीको स्रोत पहिल्याउँदै दिगो आर्थिक अनुशासन पालना गराउन सके पक्कै पनि ग्रामीण विकासको सकारात्मक परिवर्तनमा लघुवित्तको भूमिका उल्लेखनीय हुन्छ।

लघुवित्तहरूले प्रवाह गरेको ऋण अनुत्पादक क्षेत्रमा लगानी हुनुहुन्न। गरगहना, कपडा वा घरायसी सरसामानमा लगानी गर्दा ऋणको प्रतिफल तयार हुँदैन र ऋणीको पूँजी वृद्धि नभई नष्ट हुन्छ। त्यसैले रोजगार वा उद्यमशील बनाउने औजार–जस्तै, कपडा सिउने, साबुन बनाउने मेशीन, उन्नत जातको पशु पालन, घरेलु उद्योग स्थापना वा नगदे तरकारी खेतीजस्ता उत्पादक क्षेत्रमा लगानी गर्न सकेमा लघुवित्त र लक्षित वर्ग दुवैमा फाइदा हुने देखिन्छ। लघुवित्तमार्फत सञ्चालित कार्यक्रममा भरपर्दो नियमन हुनु जरूरी छ। एकै क्षेत्रमा एकै किसिमका कार्यक्रम सञ्चालन गर्दै लघुवित्तहरूले परस्पर अस्वस्थ प्रतिस्पर्धा गर्नुभन्दा स्थानीय पालिकासँग सहकार्य गर्दै कार्यक्रममा विविधीकरण गर्नु उचित हुन्छ। स्थानीय सरकार र सहकारीसँग समन्वय गर्दै लघुवित्तहरूले ऋण प्रवाह गरेको खण्डमा समस्या कम गर्न सकिन्छ। लघुवित्तले प्रवाह गर्ने ऋणबाट ग्रामीण गरीब–विपन्न परिवारले दिगो आत्मनिर्भर बन्ने र उत्पादक क्षेत्रमा लगानी गरेर ऋण चुक्ता गर्नुपर्छ। यसप्रकार आर्थिक निर्भरताले समाजको सबै पक्षको सर्वोपरि विकास सम्भव हुन्छ। अनि मात्र समग्र मानव विकासमा सकारात्मक प्रभाव पर्न सक्छ। लघुवित्तले गरीब–विपन्न वर्गमा ऋण प्रवाह गर्नु मात्र नभई स्थानीय तहमा उपलब्ध स्रोतसाधन परिचालन गर्दै जीवन निर्वाह गर्ने नयाँ–नयाँ सीप विकास गर्न सहयोग गर्दै उनीहरूको परिवारको दिगो आर्थिक उन्नति गराउन सकेमा पक्कै पनि नेपालको ग्रामीण क्षेत्रमा विकासको जग बसाउन सकिन्छ।

वास्तवमा लघुवित्त विपन्न वर्ग एवं ग्रामीण भेगका जनताको लक्षित संस्था हो। आँट र सीप भएर पनि पैसाको अभावमा उद्यम गर्न नसकेका व्यक्तिहरूलाई लघुवित्त वित्तीय संस्थाले कर्जा प्रदान गर्दछ। गरीबी न्यूनीकरण र ग्रामीण अर्थतन्त्रलाई राष्ट्रिय अर्थतन्त्रमा जोड्न लघुवित्तको विकास भएको हो। यसरी स्थापित लघुवित्त वित्तीय संस्थाहरूको सङ्ख्या नेपालमा ९१ पुगेको छ। एउटै गाउँमा धेरै लघुवित्त वित्तीय संस्था पुगेका छन्। जसको फाइदा उठाउँदै केही व्यक्तिले कर्जाको दुरूपयोग गरेका कारण लघुवित्तको क्षेत्रको कर्जामा जोखिम बढ्दै गएको छ।

### एउटै व्यक्ति धेरै लघुवित्तको ऋणी

धितोविना सजिलै कर्जा पाइने भएपछि यसको दुरुपयोग गर्नेहरूको सङ्ख्या पनि बढ्दो छ। एउटा लघुवित्तबाट लिएको कर्जा चुकाउन अर्को लघुवित्तबाट कर्जा लिने गर्दागर्दै एकै व्यक्तिले धेरै लघुवित्तबाट कर्जा लिएको पाइएको छ। यो प्रवृत्ति लघुवित्त क्षेत्रका लागि पक्कै सुखद होइन। लघुवित्तले उद्यम गरेर आएको आम्दानीबाट ऋण चुक्ता गर्छ भन्ने विश्वासमा कर्जा दिएको हुन्छ। उद्यममा लगानी भएन भने ऋणीले उक्त कर्जा चुक्ता गर्न सक्दैन र अर्को लघुवित्तबाट कर्जा लिन्छ। फेरि त्यो लघुवित्तको कर्जा चुकाउन अर्कोबाट लिन्छ। श्रम नै नगरी पैसा पाउने भएपछि यो क्रम कहिल्यै रोकिंदैन। यस प्रवृत्तिले धेरैवटा लघुवित्तको कर्जा खेर जान्छ र उद्यमशीलता विकासमा काम आउँदैन।

### कर्जा सूचनामा लघुवित्त पछाडि

लघुवित्तको कर्जाको दुरुपयोग हुनुको प्रमुख कारण भनेकै कर्जा सूचनाको व्यवस्थापन नहुनु हो। कुन लघुवित्तबाट कसले कर्जा लगेको छ भन्ने थाहा नहुने भएपछि जसले जुनबाट जति बेला पनि कर्जा लिन सक्छ। एउटा लघुवित्तबाट कर्जा लिने व्यक्तिले अर्कोमा कर्जा लिन गएको थाहा पाउन कर्जा सूचना केन्द्रको व्यवस्था हुनुपर्छ। प्रवाह भएको कर्जा सही ठाउँमा प्रयोग भएको छ छैन भनी अनुगमन पनि गर्नुपर्छ। कर्जा फिर्ता आएको छँदैछ भनेर लघुवित्तहरू चुप बसे भने कर्जाको दुरुपयोग झन् बढ्छ। कर्जा लिन आउने व्यक्तिले यस अघि कतै कर्जा लिएको छ छैन भनी जाँचबुझ नगरी कर्जा प्रवाह गर्नुहुँदैन। लघुवित्तका ऋणीहरूको यस किसिमको जानकारीका लागि समन्वयन गर्न कर्जा सूचना केन्द्रको आवश्यकता देखिएको छ।

### मर्जरपछि समस्या

अहिले लघुवित्तहरू धमाधम मर्जरमा गइरहेका छन्। मर्जरपछि यस्ता ऋणीहरूबाट ऋण असुली गर्न झन् समस्या हुने देखिन्छ। मर्जरपछि बन्ने संस्था ठूलो हुन्छ, शाखा धेरै हुन्छन् र ऋणीहरू पनि धेरै हुन्छन्। अध्ययन अनुगमन गर्ने क्षेत्र विस्तार हुन्छ। जोखिममा रहेका कर्जाको हिस्सा बढ्दै जान्छ। त्यसैले बैलैमा संयम राखेर सदुपयोग हुने ग्यारेन्टी भएका व्यक्तिहरूलाई मात्रै कर्जा प्रदान गर्ने, ऋणीहरूबारे जाँचबुझ गर्ने, कर्जाको सदुपयोगिताबारे अनुगमन गर्ने र दुरुपयोग गर्नेलाई कारबाई गर्ने गर्नुपर्छ।

लघुवित्तबाट ऋण लिने ऋणी कमजोर हुन्छ। कृषिमा निर्भर भएका वा ग्रामीण भेगमा बसोवास गर्ने व्यक्ति लघुवित्तको ग्राहक हुन्छ। त्यसमाथि लघुवित्तले धितोविना कर्जा दिने भएकोले जोखिम यसै पनि बढी हुन्छ। त्यसैले यस विषयमा ध्यान दिनु आवश्यक छ। वास्तवमा उद्यम गर्ने हो भने एउटै लघुवित्तबाट लिएको कर्जा पर्याप्त हुन्छ। राम्रो काम गर्दै गयो भने व्यवसाय विस्तार गर्न सोही लघुवित्तबाट थप कर्जा पनि पाइन्छ। यसको मतलब धेरैवटा लघुवित्तबाट कर्जा लिने व्यक्तिले उद्यम गरेको हुँदैन। यस विषयमा बेलैमा सम्बन्धित पक्षको ध्यानाकर्षण हुनु आवश्यक देखिन्छ। अनि मात्र मुलुकको दिगो आर्थिक विकास र समृद्धि सम्भव हुन्छ।

# एमालेद्वारा प्रतिबद्धता सार्वजनिक

प्रस, वीरगंज, ९ बैशाख/

नेकपा एमालेले वीरगंजमा प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ।

एमाले निर्वाचन परिचालन कार्यालय, वीरगंज महानगर–१२, मुर्ली बगैंचामा आयोजित कार्यक्रममा नगरप्रमुखका दाबेदार विजयकुमार सरावगीले १६ पृष्ठ लामो प्रतिबद्धतापत्र पढेर सुनाएका थिए। उनले चुनाव जितेको खण्डमा आफूले शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारका विषयलाई प्राथमिकता दिने बताए।

एमाले, पर्साका इन्चार्ज प्रभु हजराले यसपटकको स्थानीय चुनावमा मधेसवादी दलको सान घटाउने बताए। झूटो आश्वासन दिएर मधेसी जनताको आत्मसम्मानसँग खेलबाड गरेको कारण यसपटक मधेसी दलहरूको पत्तासाफ हुने बताए।

एमालेका केन्द्रीय सदस्य अरविन्द सिंहको अध्यक्षतामा भएको कार्यक्रममा पर्सा अध्यक्ष जयप्रकाश थारू, विचारी यादव, बसरुद्दीन अन्सारी, शम्भु गुप्ता, बाबुराम कौशिकलगायतको सहभागिता थियो।



तस्वीर: प्रतीक

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४८

वाटिका



# पुस्तक दिवस र स्नातकोपाधि प्राप्तिमा पुस्तकको पहुँच

स्वान्त सुखाय:



सञ्जय मित्र
mitrasanjay41@gmail.com

**पुस्तक दिवसको दिन कम्तीमा एउटा पुस्तक पढ्न प्रेरित गरौं। पुस्तक अध्ययन नगर्नु अनि समाजमा ज्ञानको विकास होस् भन्ने चाहना राख्नु दुई विपरीत कुरा लाग्छ। कम्तीमा महीनामा एक थान पुस्तक पढौं र अरूलाई पनि पढ्न सिफारिश गरौं।**

शिक्षा, चेतना र प्रज्ञा फरक पक्ष हुन् तर एक अर्कासित अन्तरसम्बन्धित भने अवश्य छन्। सामान्यतया के मानिन्छ भने चेतना सबैमा हुन्छ। सबैमा हुने चेतनाको स्तर अर्थात् चेतनतत्त्वको स्तर समान हुँदैन। मानिसमा विविधता ल्याउने एउटा तत्त्व चेतना पनि हो। जतिखेर औपचारिक शिक्षाको शुरूआत भएको थियो, त्यसभन्दा पहिले पनि मानिसमा चेतना थियो। यही चेतनाले नै मानिसलाई शिक्षातिर अगाडि बढाएको हो।




शिक्षित मानिसलाई त्यत्तिकै चेतनशील मानिन्छ। चेतनशील मानिसको एउटा पहिचान आजभोलि शिक्षा पनि भएको छ। यसैले कतिपयको नजरमा शिक्षा भन्नु चेतना पनि हो। चेतनाको स्तरको विकास गर्नेमा शिक्षाको योगदान रहने कुरामा दुई मत नहोला। शिक्षा निरन्तर प्राप्त गरिरहने कुरो पनि मानिएको छ। शिक्षा जीवनपर्यन्त चलिरहन्छ भन्नेले यही कुरालाई स्वीकार गर्दछन्।

यदि शिक्षा जीवनभर चलिरहन्छ भने शिक्षामा अध्ययनको महत्त्व कति ? के अध्ययन भनेको औपचारिक प्रमाणपत्र प्राप्तिको लागि कुनै संस्थाको परीक्षामा संलग्न हुनको लागि मात्र हो ? यदि शिक्षाको अङ्गको रूपमा पुस्तकलाई लिइएको छैन भने कसैले आफूलाई कसरी जाँचेको होला ? शिक्षाले व्यक्ति आफैंलाई जाँच्ने अवसर दिन्छ। आफूलाई अरूको नजरबाट जाँच्ने कि आफ्नो नजरबाट जाँच्ने ? यहींनेर शिक्षाको उपादेयताले पुस्तकको महत्त्व स्पष्ट पार्दछ।

आज पनि यस्ता धेरै स्नातक छन् जो स्नातक पढ्दाको समयमा पढेका किताबबाहेक अन्य कुनै किताब पढेका छैनन्। स्नातकहरूले किताब नपढ्नु ठूलो विडम्बना हो।

किताब अर्थात् पुस्तक पढ्नु एउटा संस्कृति हो। हाम्रो समाजमा शिक्षा र चेतनाको कथित विस्तार त भइरहेको छ। शिक्षाको नाममा विश्वविद्यालयका प्रमाणपत्रहरूको सङ्कलन वा सङ्ग्रह पनि भइरहेको छ। तर सोही अनुपातमा पठन संस्कृतिको विकास हुन सकेको छैन। यसै सन्दर्भमा अब के भन्न थालिएको छ भने शिक्षाको साथमा अब प्राज्ञिक शिक्षाको आवश्यकता पनि बढ्दै गएको छ।

प्राज्ञिक शिक्षा औपचारिक र अनौपचारिक दुई किसिमले विस्तार गर्नुपर्छ। औपचारिक प्राज्ञिक शिक्षा त्यो हो, जुन विश्वविद्यालयबाट पाइन्छ र औपचारिक प्रमाणपत्र पाइन्छ तर अनौपचारिक प्राज्ञिक शिक्षा भने स्वाध्ययनले प्राप्त हुन्छ। स्वाध्ययनको सोझो सम्बन्ध पुस्तकसित हुन्छ।

विकासको नाममा जति धेरै भौतिक निर्माण भइरहेका छन्, मानिसको अन्तर्मनमा प्राज्ञिकताको विकासको लागि मुश्किलले कतै पुस्तकालय निर्माण भएको कुरा सुनिन्छ। पुस्तकालय निर्माणको संस्कृति विकास हुन नसक्नु जति दुर्भाग्य छ, यसभन्दा धेरै ठूलो विडम्बना अध्ययन संस्कृति विकसित हुन नसक्नु हो। विडम्बनामाथिको दोस्रो तल्ला थप्ने काम स्नातकहरूले गरेका छन्। सर्वसाधारण स्नातकहरूमा अध्ययनको भोक छैन। पुस्तकको उपयोग र उपभोग गर्ने मनोवृत्ति छैन। र, फेरि पनि पुस्तक अध्ययनको संस्कृति छैन। पुस्तक अध्ययनको संस्कृति विकास नगर्नेमा अहिलेका स्नातकभन्दा पहिलेका स्नातक अझ बढी जिम्मेवार छन्।

विडम्बनाको अर्को महल त्यहाँ देखिन्छ जहाँ पुस्तकको मूल्य नै बुझ्नेको अभाव छ। पुस्तकको मूल्य बुझाउने वर्ग नै अन्धकारमा छ। जसले उज्यालो दिनुपर्ने हो, ऊ नै यदि अँध्यारोमा छ भने उज्यालो कहाँबाट आउँछ। यदि स्नातक समाजले नै पुस्तकको अध्ययन गर्दैन भने स्नातक गरेर बसेका शिक्षित मानिस कथित शिक्षित मानिस बन्न पुग्दछन् र कालान्तरमा उनको ज्ञानको आकाश साँघुरो बन्न पुग्दछ। साँघुरो ज्ञानको आकाश लिएर आजका धेरै स्नातकहरूले आफू कुवाको भ्यागुतो बनेको बुझ्नै सकेका छैनन् किनभने अध्ययन नै गर्दैनन्। पुस्तक नै नपढेको वा पढ्ने बानी नभएको स्नातक त वास्तवमा एकपटक कोर्सको डिजाइन परिवर्तनपछि स्वत: पूर्व स्नातकजस्तो हुन पुग्दछ जुन कुराको अनुभव र अनुभूति स्वयंले गर्नुपर्ने हो। तर यो गर्न सक्ने सामर्थ्य पुस्तक अध्ययनबाट प्राप्त हुन्छ। अनि पठन-संस्कृतिको अभावमा त्यो ज्ञान प्राप्त गर्ने तन्तु नै कमजोर बनेको हुन्छ। ज्ञानको त्यो कमजोर तन्तुलाई बलियो बनाउने आधार वर्तमानमा धेरै कमजोर देखिन्छ।

स्नातकलाई पढ्न सिकाउनेहरूले पनि पुस्तकको महत्त्व बुझ्न सकेका छैनन्। जब अरूमा ज्ञानको प्रकाश वितरण गर्ने दियो नै अँध्यारो हुन्छ भने उसले बाल्ने दियोले पनि अँध्यारो नै दिन्छ। अँध्यारो प्रकाशले आफ्नो अनुहार हेर्न वा चिन्न पनि कहीं कतैबाट ल्याएको उज्यालोको खोजी गर्नुपर्दछ। सापटी ल्याइएको वा बाहिरबाट किनेर ल्याइएको उज्यालोले कसैको अभ्यन्तरलाई प्रकाशवान् बनाउन सक्ला ? यस्तो उज्यालो मनभित्र एउटा दीपक बन्न सक्ला ? अरू दियोलाई उज्यालो बाँड्न सक्ला ? यही समस्या अहिले शिक्षा क्षेत्रमा देखिएको छ। शिक्षाको उज्यालो बाँड्नेहरू पनि अर्थात् स्नातक उत्पादन गर्नेहरू पनि यान्त्रिक बनिरहेका छन्। यन्त्रले यन्त्र नै उत्पादन गर्छ, आत्मा उत्पादन गर्न सक्दैन, हृदय उत्पादन गर्न सक्दैन। हृदयले नै हृदयलाई बुझ्न सक्छ, कुनै यन्त्रले हृदयलाई बुझ्न सक्दैन, बरु हृदयले यन्त्रलाई भने अवश्य बुझ्छ। कम्तीमा स्नातकलाई पढाउनेहरूले त ज्ञानविज्ञान र साहित्यका चर्चित कृतिहरूको अध्ययन गर्नुपर्दछ। पैसा आर्जन गर्नको लागि पढाउने र पढाएर पनि पैसा मात्र आर्जन गर्न सिकाउने हाम्रो शिक्षा प्रणाली यान्त्रिक बनिरहेको कुरा बुझ्नेहरूले एउटा यस्तो आन्दोलन चलाउनुपर्छ जुन अध्ययनसित सम्बन्धित होओस्।

पुस्तक पढ्ने आन्दोलन हाम्रो पुस्ताले चलाउन सकेको छैन। यो आन्दोलनभन्दा पनि संस्कार र संस्कृति बसाल्नु जरूरी छ। हुनत सांस्कृतिक आन्दोलन पनि हुन्छ। पुस्तक अध्ययनको सांस्कृतिक आन्दोलन कसरी चलाउन सकिन्छ ?

पुस्तक अध्ययनको महत्त्व के हो ? यो किन जरूरी छ भन्ने प्रश्नको उत्तर खोजी गर्नु पनि एउटा महत्त्वपूर्ण उपलब्धि हुन सक्छ। साथै अर्को पनि एउटा तरीका छ कि पुस्तक पढ्नेले अन्य स्नातकलाई प्रश्न सोध्ने गरौं कि पछिल्लो समयमा कुन पुस्तक पढ्नुभयो ? पछिल्लो समयमा पढेको पुस्तकमा के थियो ? वा कस्तो पुस्तक अध्ययन गर्न मन पराइरहनुभएको छ ? तपाईंले पढेको पछिल्लो पुस्तकले कस्तो सन्देश दिएको छ र त्यो कृति किन अरूलाई पनि पढ्न सिफारिश गर्नुहुन्छ ?

हरेक शिक्षित समुदायलाई सोधिने प्रश्नहरूको सूचीमा यो पनि एउटा प्रश्न राखिदिने हो भने पठन संस्कृति मौलाउन अलिकति टेवा पुग्थ्यो। यसैसित सम्बन्धित अर्को पक्ष हुन सक्छ। कुनै राजनीतिकर्मी वा राजनैतिक पदमा पुगेका विशिष्ट व्यक्तिलाई प्रश्न सोध्दा कुनै पनि पुस्तकको नाम, लेखकको नाम वा यस्तै अन्य सन्दर्भ बनाएर सोध्न सकिन्छ। कुनै दस्तावेजमा भएको नाम पनि राख्न सकिन्छ। यसबाट अरूलाई पनि प्रेरणा प्राप्त हुन सक्छ। साथै विशिष्ट मानिसले पुस्तक पढिरहेको एउटा फोटो पनि राखिदिनु उचित हुन्छ। यदि कोही विशिष्ट मानिसले कुनै पुस्तक पढिरहेको छ भने त्यसको फोटो खिचेर सामाजिक सञ्जालमा सार्वजनिक गर्दा अरूमा पनि पुस्तक पढ्ने संस्कृति वा अनुकरणको हस्तान्तरण हुने सम्भावना

(बाँकी चौथो पातामा)

# म्यादी उम्मेदवार !

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

**चुनाव नसकुन्जेल उम्मेदवारहरूको नजरमा मतदाताहरू शक्तिशाली हुन्छन्। उम्मेदवारहरूले निर्वाचनको बेला प्रत्येक मतदाताको अनुहारमा भगवान्‌को प्रतिविम्ब महसूस गर्दछन्। प्रत्येक मतदाताको कुरा बकुलाले माछामाथि ध्यान लगाएजस्तै ध्यानपूर्वक सुन्छन्।**

उम्मेदवार : गोड लागतानी काकी (चरण स्पर्श गर्दछु, काकी)।

मतदाता : खुश रह बबुवा (खुशी रहनु बाबू)।

उम्मेदवार : तबियत कइसन बा (स्वास्थ्य कस्तो छ) ?

मतदाता : ठीक नइखे, बबुवा। कय दिन से अस्पताल में जातानी। जइसे तइसे काल्हु डाक्टर साहेब से भेट भइल। चेकजाँच त भइल, मने दवाई ना मिलल। कहलख लोग कि दवाई ओरागइल बा। (ठीक छैन बाबू, कति दिनदेखि अस्पताल धाइरहेकी छु। बल्ल हिजो डाक्टरसँग भेट भयो। चेकजाँच त भयो तर औषधि पाइनँ। भनियो औषधि सकिसकेको छ।)

उम्मेदवार : काकी, गहुँ के फसल बढिया भइल बा नु (काकी, गहुँबाली त सप्रेको छ) ?

मतदाता : जेतना होखे के चाहिं ओतना नइखे भइल। काहे कि समय पर खाद आ पानी ना मिलल। ना त दोबरी गहुँ भइल रहित। (जति हुनुपर्थ्यो, त्यति भएको छैन। किनभने समयमा मल र पानी पाइएन। नत्र दोब्बर उब्जनी हुन्थ्यो।)

उम्मेदवार : बडका बबुवा पैसा देवे ला नु (जेठो छोरोले पैसा दिन्छ नि) !

मतदाता : छ सय बनिहारी कमाए वाला लइका कथि-कथि करो, बबुवा ? (छ सय ज्याला कमाउने छोरोले के-के गरोस्, बाबू) ?

उम्मेदवार : आ छोटका बबुवा शहर में रहेला, ऊ त पैसा भेजते होइ (तर कान्छो छोरो त शहरमा बस्छ, उसले त पैसा पठाउँदो होला) ?

मतदाता : ऊ का नोकरी करता जे पैसा भेजी ? बहुत महँगा पढाइ बा, ऊ त टच्यूशन पढा के बेचारा अपने पढता। (के नोकरी गर्दैछ र पैसा पठाओस् ?, शिक्षा कम महँगो छ ? ऊ त बिचरा आफैं टच्यूशन पढाएर पढिरहेको छ)।

उम्मेदवार : बबी के बियाह हो गइल (छोरीको बिहे भइसक्यो) ?

मतदाता : ठीक-ठाक हो जाता, मने दहेज पर आ के बात अटक जाता। पाँच साल से इहे हो रहल बा। (सबै कुरा टुङ्गिन्छ, तर दाइजोको मामिलामा कुरा अड्किन्छ। पाँच वर्षदेखि यस्तै भइरहेको छ।)

उपरोक्त संवादमा मतको अपेक्षा सहित भ्याएसम्म उम्मेदवारले मतदातासँग अपनत्व देखाएका छन्। काकीको खुट्टा समातेर मतको लागि अनुनय-विनय गर्दै आफू नै सबैभन्दा स्वच्छ र उपयुक्त उम्मेदवार रहेको कुरा स्वघोषणा गर्न बिर्सेनन्। अन्तत: मतको स्वार्थमा लिप्त उम्मेदवार घरदैलो कार्यक्रम अनुसार पुन: अर्को मतदाताको ढोका ढक्ढकाउन हिंड्छन्।

मतदाता र उम्मेदवारबीचको उपरोक्त संवाद सामान्य र पारिवारिक भलाकुसारीजस्तो लाग्छ। यद्यपि उपरोक्त संवादप्रति एकाग्र हुने हो भने मतदाताको प्रत्येक शब्द हृदयस्पर्शी छ। मतदाताको अभिव्यक्ति पूर्णरूपमा सामाजिक सरोकारको विषय अन्तर्गत पर्दछ। मतदाताको भलाकुसारीमा क्रमश: स्वास्थ्य, कृषि, शिक्षा र रोजगारका साथै दाइजोजस्तो सामाजिक विकृति प्रतिविम्बित हुन्छ। जनप्रतिनिधिहरूले सत्तामा पुगेपछि आम सरोकारका विषय पूरा गर्नुपर्ने दायित्व नितान्त उनीहरूकै हो। यद्यपि सत्तामा विराजमान भइसकेपछि मतदाताप्रति दायित्व बुझाउने शून्य प्रयास पनि गर्न चाहँदैनन्। त्यसकारण आमजनतालाई त्यस्ता विषय व्यक्तिगत समास्याजस्तै लाग्छ। व्यक्तिगत र समाजिक समस्या छुट्याउन नसकेर जनप्रतिनिधिहरूसँग प्राय:जसो मतदाताले




मनको कुरा अभिव्यक्त गर्न सक्दैन। चुनावताका जसरी विकासको लहर तरङ्गित गरिन्छ, त्यसैगरी सत्तामा पुगेपछि वफादार र जिम्मेवार भइ कार्य सम्पादन तर्फ अग्रसर भए आम नागरिकको सपना सार्थक नहुने कुरै थिएन। जनप्रतिनिधिहरू कामै गर्दैनन् भन्ने होइन, तर थोरै गरेर बढी गफबाजी गर्ने चलन बढ्दो छ।

उपरोक्त संवादले सामाजिक सरोकारको क्षेत्रमा विकास र सुधारको आवश्यकता टड्कारो रहेको कुरा स्पष्ट हुन्छ। जस्तै उदाहरणको लागि कुनै नागरिकले खाना पकाउने एलपिजी ग्याँस सिलिन्डरको मूल्य धेरै महँगो भयो भनेपछि उक्त समस्या व्यक्तिगत हो कि सामाजिक ? यस्तो कुरा मतदाताहरूले जान्न जरूरी छ। किसानले समयमा मल पाउँदैनन्। विद्यार्थीहरू शिक्षार्जनका लागि र युवाहरू रोजगारका लागि परदेशमा निर्भर छन्। कानून हुँदाहुँदै पनि दाइजो प्रथा उन्मूलन हुन सकिरहेको छैन। स्वास्थ्य उपचारको कुव्यवस्था वर्णन गरेर साध्य छैन। आफूलाई सत्तामा स्थापित गर्न मरिहत्ते गर्ने उम्मेदवारहरू आफैंले भनेको कुरामा किन अडिग रहँदैनन् ? यसो त स्वास्थ्य, सडक, शिक्षा, रोजगार तथा कृषि आदि क्षेत्रको सुधार गर्ने वक्तव्य पुरानै राजनीतिक थेगो अहिलेसम्म दोहरिइरहेको छ। अहिले उम्मेदवारहरू यस्तै विषयहरू लिएर मतदाताको घर-आँगन पुग्ने क्रम जारी छ।

अहिले उपरोक्त संवाद जस्तै मतदाता र उम्मेदवारबीच अपनत्व अनुभूति हुने संवाद केही महीनादेखि जारी छ। भलाकुसारी गर्ने र अपनत्व बढाउने मानौं होड चलिरहेको छ। अहिले उम्मेदवार सँग मतदाताले गरिरहेका कुराहरू जति गम्भीरता र चासोका साथ सुनिंदैछ, सत्तामा पुगेपिछ पनि यसैगरी कर्तव्य निर्वाह गर्ने हो भने विकासको परिकल्पना प्रत्येक नागरिकले अनुभूत गर्न सक्थ्यो। तर सामान्य नागरिकको असामान्य अभिव्यक्तिलाई स्वार्थ अनुकूल महत्त्वको तराजुमा मापन गर्ने संस्कार बढ्दो छ। त्यहीं कुरा टाठाबाठाको मुखबाट प्रस्फुटित भयो भने भाइरल हुन बेर लाग्दैन।

आम नागरिक र नामधारी व्यक्तिले गर्ने समान कर्तव्यलाई हेर्ने दृष्टिकोणमाथि एउटा उदाहरण यस्तो छ– एकजना नेताको घरमा केही कार्यकर्ता उपस्थित थिए। सोही भीडमा एकाध सर्वसाधारण मानिस आ-आफ्नो समस्या लिएर आएका थिए। कुराकानीको क्रम चलिरहेको थियो। सोही बेला एकजनाको पेटमा जम्मा भएको ग्याँस आवाजसहित निस्क्यो। कसले गऱ्यो भन्ने कुरा उपस्थित सबैजनालाई थाहा भयो। चर्को ब्याजदरमा कपाली कागज गराएका एकजनाविरुद्ध गुनासो लिएर नेता कहाँ आइपुगेका ती सर्वसाधारण मानिसलाई हदैसम्म लज्जाबोध गराइयो। नेताले सभामा यस्तो हर्कत गर्नुहुँदैन भनेपछि कार्यकर्ताहरू नेता भन्दा बढी उग्र भए। नेताको अभिव्यक्तिलाई सही ठहर गर्ने र नेताको नजरमा हिरो बन्ने होड चल्यो। नानाथरी कुरा सुनाइयो। भ्याएसम्म दोष लगाइयो।

माथि उल्लिखित घटनाको केही महीनापश्चात् एक गाउँमा पञ्चायती बसेको थियो। मुख्य पञ्चायतीकर्ताको रूपमा सोही नेतालाई बोलाइएको थियो। एक वैवाहिक भोजमा सहभागी भएर नेता पञ्चायतीस्थलमा आइपुगे। दुवै पक्षको कुरा सुन्ने क्रम जारी भयो। ती नेताको हाउभाउले उनी बेचैनजस्तो लागिरहेका थिए। शायद उनको पेटमा ग्याँस जम्मा भइसकेको थियो। पल्थी मारेर त्रिपालमा बसिरहेका ती नेताले शरीरलाई एकातर्फ झुकाए। चारैतिर हेरे। त्यसपछि आवाजसहित वायु निस्पादन गरे। दुर्गन्ध फैलियो। नेता अहिले हलुका महसूस गरिरहेका थिए। नेताले हाँस्दै प्राकृतिक क्रिया हो भने। केही बेर पञ्चायतको क्रमभङ्ग भयो। नेताको कुरामा सहमति जनाउँदै


(बाँकी चौथो पातामा)

# अन्तर्राष्ट्रिय समाचार

## प्रधानमन्त्री मोदीद्वारा प्रधानमन्त्री जोनसनलाई राष्ट्रपति भवनमा स्वागत

नयाँ दिल्ली, ९ वैशाख/एएनआई

प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रवार बेलायतका प्रधानमन्त्री बोरिस



तस्वीरः एजेन्सी

जोनसनलाई नयाँ दिल्लीको राष्ट्रपति भवनमा औपचारिक स्वागत गरेका छन्।

दुई दिने भारत भ्रमणमा रहेका बेलायती प्रधानमन्त्रीलाई राष्ट्रपति भवनमा गार्ड अफ अनर दिइएको थियो।

"यो भारत–बेलायत मित्रता र दुई प्रजातन्त्र, सबैभन्दा ठूलो र सबैभन्दा पुरानोबीचको मिलनको शुभ क्षण हो। मलाई लाग्दैन कि भारत र बेलायतबीच यति बलियो र राम्रो सम्बन्ध पहिले कहिल्यै थियो, जुन अहिले छ"–जोनसनले भने।

बेलायत र भारतको रणनीतिक प्रतिरक्षा, कूटनीतिक र आर्थिक साझेदारीमा घनिष्ट साझेदारीलाई सुदृढ पार्ने र इन्डो–प्यासिफिकमा सुरक्षा सहयोग अगाडि बढाउने विषयमा गहिरो वार्ता गर्न भारत भ्रमणको शुरूआतमा जोनसन बिहीवार गुजरात आइपुगेका थिए।

"उनीहरू (गुजरातका मानिसहरू) ले हाम्रो शानदार स्वागत गरे। यो एकदम असाधारण थियो। मैले यस्तो रमाइलो स्वागत कहिल्यै देखेको छैन।"

"मैले यस्तो स्वागत संसारमा अरू कतै पाएको थिइनँ। पहिलोपटक तपाईंको (प्रधानमन्त्री मोदीको) गृह राज्य हेर्न पाउँदा अचम्म लाग्यो"–जोनसनले भने।

यसअघि बेलायती प्रधानमन्त्रीले राजघाटमा महात्मा गाँधीप्रति श्रद्धाञ्जलि अर्पण गरेका थिए।

बेलायती प्रधानमन्त्रीले भारतका विदेशमन्त्री एस जयशङ्करसँग वार्ता गर्ने कार्यक्रम छ र त्यसपछि हैदराबाद हाउसमा करीब १ बजे प्रेस विज्ञप्ति जारी गर्ने बताइएको छ। रासस

## भारतमा २४ घण्टामा दुई हजार ४५१ कोरोनाका नयाँ सङ्क्रमित

नयाँ दिल्ली, ९ वैशाख/सिन्ह्वा

भारत २४ घण्टाको समयावधि अर्थात् बिहीवार मध्य रातिसम्म दुई



तस्वीरः सिन्ह्वा

हजार ४५१ व्यक्तिमा सङ्क्रमण भएपछि यहाँ कुल सङ्क्रमित सङ्ख्या चार करोड ३० लाख ५२ हजार ४५२ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले शुक्रवार जानकारी दिएको छ।

विगत केही महीनायता न्यून विन्दुमा पुगेको कोरोना भाइरस सङ्क्रमणको पुनः नयाँ सङ्क्रमित सङ्ख्या २ हजार नाघेको यो लगातार तेस्रो दिन हो। यसका साथै २४ घण्टाको समयमा महामारीका कारण थप ५४ जनाको मृत्यु भएपछि मृत्यु हुनेको सङ्ख्या ५ लाख २२ हजार ११६ पुगेको छ।

यहाँ अझै पनि सक्रिय सङ्क्रमित १४ हजार २४१ जना रहेको सो मन्त्रालयले जानकारी दिएको छ। भारतमा केही महीना यतादेखि सक्रिय सङ्क्रमित घट्ने क्रम जारी रहेको थियो। तर केही दिनदेखि सक्रिय सङ्क्रमित बढेको पाइएको छ।

२४ घण्टाको समयावधि अर्थात् बिहीवार मध्य रातिसम्म एक हजार ५८९ जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै हालसम्म ४ करोड २५ लाख १६ हजार ६८ जना सफलतापूर्वक कोरोना सङ्क्रमण निको भएर अस्पतालबाट डिस्चार्ज भएका छन्।

### दक्षिण अफ्रिकाको बाढीबाट मृत्यु हुनेको सङ्ख्या ४३५

दक्षिण अफ्रिका/एएनआई/सिन्ह्वा

दक्षिण अफ्रिकाको क्वाजुलु–नाताल बाढीबाट मर्नेको सङ्ख्या ४४८ पुगेको सार्वजनिक भएपनि ४३५ रहेको जनाइएको छ। प्रहरीमन्त्री भेकी सेलेले बिहीवार बाढीबारे मिडियालाई जानकारी दिंदै उक्त कुरा बताएका हुन्।

"त्यहाँ ४४८ जनाको मृत्यु भएको भनिएको थियो जुन परिमार्जनपछि अहिले ४३५ छ। शवको पोस्टमार्टमको नतीजा सार्वजनिक गर्दै उनले गोलीका चोटहरू फेला परेका कारण मृत्यु हत्यासँग सम्बन्धित भएको पुष्टि भएको पनि बताएका छन्। विपद्सँग सम्बन्धित नभएको प्राकृतिक कारणले धेरै मानिसको मृत्यु भएको निश्चित थियो। आज बिहानसम्म मृत्यु हुनेको अन्तिम सङ्ख्या ४३५ रहेको छ"–सेलेले भने।

उनले आपत्कालीन राहत, शान्ति सुरक्षा र अवसरवादी अपराध रोक्न तीन हजार प्रहरी अधिकारी र नौ सय क्वाजुलु–नाताल प्रान्त मेट्रो प्रहरी खटाएको जानकारी दिएका छन्। सेनाले चिकित्सक, नर्स, मनोवैज्ञानिक, सामाजिक कार्यकर्ता र फार्मासिस्टसहित १० हजारलाई त्यस क्षेत्रमा खटाएको उनले बताएका छन्।

### चीनमा बिहीवार दुई हजार ११९ जनालाई कोरोना सङ्क्रमण

बेइजिङ/सिन्ह्वा

चिनियाँ मुख्य भूमिमा बिहीवार २ हजार ११९ जना स्थानीयरूपमा कोभिड–१९ सङ्क्रमित भएको पुष्टि भएको छ। जसमध्ये १९३१ जना संघाईका बासिन्दा रहेका राष्ट्रिय स्वास्थ्य आयोगले शुक्रवार जनाएको छ।

संघाईबाहेक मुख्य भूमिका अन्य ४५ प्रान्तीय–स्तर क्षेत्रहरूमा नयाँ कोरोनाका स्थानीय मामिला देखा परेको समाचारमा जनाइएको छ। जसमध्ये उत्तरपूर्वी प्रान्त जिलिनमा ६८ र बेइजिङमा एकजना छन्। बिहीवार २ हजार ७३० जना कोरोना सङ्क्रमित निको भएका छन्। यसैबीच देशभरका अस्पतालमा ३० हजार ८१३ जना उपचार गराइरहेका बताइएको छ।

कोरोना सङ्क्रमणको कारण बिहीवार एघारजनाको मृत्यु भएको थियो।

यी सबै संघाईवासी भएको समाचारमा जनाइएको छ। चीनमा सन् २०१९ को अक्टोबरमा हुबे प्रान्तको वुहान शहरबाट शुरू भएको कोरोना सङ्क्रमणका कारण ४६७४ जनाको मृत्यु भइसकेको जनाइएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – सफलता | वृष – राज्यभय |
| मिथुन – वादविवाद | कर्कट – यात्रालाभ |
| सिंह – कडापरिश्रम | कन्या – सुसमाचार |
| तुला – धनखति | वृश्चिक – भाग्योदय |
| धनु – नारीसुख | मकर – धनलाभ |
| कुम्भ – बेचैनी | मीन – मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

बालश्रम दण्डनीय अपराध हो,
बालबालिकालाई कुनै पनि श्रमजन्य कार्यमा नलगाऔं।
वीरगंज महानगरपालिका

रानीघाट–पोखरिया बस समिति
भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## पोखरिया र कालिकामाईका जनप्रतिनिधिद्वारा राजीनामा

प्रस, पोखरिया, ९ वैशाख/

पोखरिया नगरपालिका र कालिकामाई गाउँपालिकाका जनप्रतिनिधिहरूले शुक्रवार राजीनामा दिएका छन्। पोखरिया नपाका प्रमुख दीपनारायण रौनियार, दशजना वडाध्यक्ष, ४० जना वडासदस्यले शुक्रवार राजीनामा दिएका हुन्। उपप्रमुख सलमा खातुनले भने राजीनामा गरेकी छैनन्। उनी यसपटक चुनावमा सहभागी नहुने भएपछि राजीनामा नगरेकी हुन्।

यसैगरी, कालिकामाई गापाका निमित्त अध्यक्ष राजेश चौरसियासहित पाँचजना वडाध्यक्ष र २० जना वडासदस्यले राजीनामा दिएका छन्।

## ८८ प्रतिशतले बढ्यो निर्यात

काठमाडौं, ९ वैशाख/रासस

चालू आर्थिक वर्ष २०७८–७९ को पहिलो नौ महीनामा (साउनदेखि चैतसम्म) निर्यातमा वृद्धि भएको छ। भन्सार विभागले सार्वजनिक गरेको चैत मसान्तसम्मको तथ्याङ्क अनुसार ६९.४४ प्रतिशतले स्वदेशी वस्तुको निर्यातमा वृद्धि भएको हो। विभागको तथ्याङ्क अनुसार नौ महीनामा रु एक खर्ब ६० अर्ब ५७ करोड २९ लाख बराबर स्वदेशी वस्तुको निर्यात भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा नेपालबाट रु ९४ अर्ब ७६ करोड ७१ लाख बराबरको सामान निर्यात भएको थियो।

चालू आवको नौ महीनामा निर्यातसँगै आयातमा समेत वृद्धि भएको छ। नौ महीनामा ३१.९७ प्रतिशतले आयातमा वृद्धि हुँदै रु १४ खर्ब ६६ अर्ब ६६ करोड २० लाख बढीको आयात भएको छ। तथ्याङ्क अनुसार गत आर्थिक वर्षको सोही अवधिमा रु ११ खर्ब ११ अर्ब ३९ करोड ५४ लाख बढीको आयात भएको थियो।

**२८ प्रतिशतले बढ्यो व्यापार घाटा**

निर्यातको तुलनामा आयातमा वृद्धि हुँदा व्यापार घाटामा वृद्धि भएको छ। चालू आवको नौ महीनामा रु साढे १४ खर्ब बढीको आयात हुँदा २८.४७ प्रतिशतले व्यापार घाटा बढेको हो। चालू आवको नौ महीनामा नेपालले रु १३ खर्ब छ अर्ब ८९ करोड बढीको वैदेशिक व्यापार घाटा बेहोरेको छ। गत आवको सोही अवधिमा नेपालले रु १० खर्ब १६ अर्ब ६२ करोड ८३ लाख बराबरको व्यापार घाटा बेहोरेको थियो।

यस्तैगरी चालू आवको नौ महीनामैं नेपालको वैदेशिक व्यापार ३४.९१ प्रतिशतले बढेको छ। यस अवधिमा रु १६ खर्ब २७ अर्ब २३ करोड ४९ लाख बराबरको पुगेको भन्सार विभागले जनाएको छ। तथ्याङ्क अनुसार गत आर्थिक वर्षको सोही अवधिमा रू १२ खर्ब छ अर्ब १६ करोड २५ लाख बराबरको वैदेशिक व्यापार भएको थियो।

**दुई खर्बको पेट्रोलियम पदार्थको आयात**

भन्सार विभागले सार्वजनिक गरेको चालू आर्थिक वर्ष २०७८–७९ को पहिलो नौ महीनाको तथ्याङ्क अनुसार नेपालले रु दुई खर्ब बराबरको पेट्रोलियम पदार्थ आयात गरेको छ।

नौ महीनाको अवधिमा नेपालले डिजेल, पेट्रोल र खाना पकाउने एलपी ग्याँसका लागि रु एक खर्ब ९८ अर्ब ५५ करोड ७६ लाख ९३ हजार बराबर खर्च गरेको हो।

तथ्याङ्क अनुसार नौ महीनाको अवधिमा सबैभन्दा बढी डिजेल आयात भएको छ। यस अवधिमा रु एक खर्ब पाँच अर्ब ९७ करोड ५३ लाख ९५ हजार बढीको डिजेल र रु ४७ अर्ब २३ करोड ९७ लाख ८० हजार बढीको पेट्रोल आयात भएको हो।

रु ४५ अर्ब ३४ करोड २५ लाख १८ हजार बढीको खाना पकाउने एलपी ग्याँस आयात भएको छ। नौ महीनाको अवधिमा रु ४५ अर्ब ५८ करोड ११ लाख ११ हजारको सोयाबिन तेल, रु ३२ अर्ब चार करोड ७८ लाख बराबरको पाम तेल, रु ३१ अर्ब ८५ करोड ३६ लाख बराबरको खोप र रु २८ अर्ब ५४ करोड ९० लाख बराबरको सुन आयात भएको छ।

**१६२ देशबाट आयात**

विभागले सार्वजनिक गरेको चालू आवको पहिलो नौ महीनाको अवधिमा नेपालमा १६२ देशबाट रु १४ खर्ब ६६ अर्ब बढीको आयात भएको छ।

तथ्याङ्क अनुसार यस अवधिमा सबैभन्दा धेरै आयात भारतबाट भएको छ। नौ महीनामा नेपालले भारतबाट रु नौ खर्ब १७ अर्ब २४ लाख बढीको आयात गरेको छ भने रु एक खर्ब २७ अर्ब ८९ करोड ५४ लाख बराबर निर्यात गरेको छ।

नेपालले भारतसँग मात्रै रु सात खर्ब ७३ अर्ब ८० करोड ७० लाख बढीको व्यापार घाटा बेहोरेको छ। भारतपछि चीनबाट ठूलो मात्रामा आयात भएको छ। चीनबाट नौ महीनामा रु दुई खर्ब ११ अर्ब पाँच करोड ८० लाख बराबरको आयात भएको छ भने रु ६२ करोड २८ लाख ६२ हजारको मात्र निर्यात भएको छ। चीनसँग मात्र रु दुई खर्ब १० अर्ब ४२ करोड ५१ लाख बराबरको व्यापार घाटा रहेको छ।

## आगलागीबाट चारवटा घरमा क्षति

प्रस, वीरगंज, ९ वैशाख/

बाराको विश्रामपुर गाउँपालिका–३ मा आगलागी हुँदा चारवटा घरमा क्षति पुगेको छ।

स्थानीय वीरबहादुर पटेलको फुसको घरबाट आगलागी शुरू भएपछि अन्य तीनजना छिमेकीको घरमा पनि आगोले क्षति पुऱ्याएको प्रहरीले जनाएको छ।

विद्युत् सर्ट भएर बिहीवार राति १२ बजे पटेलसहित स्थानीय खुटी मियाँ, अवधेश पटेल र रामध्यान राउत कुर्मीको घरमा आगलागी भएको थियो।

आगलागीबाट वीरबहादुर र खुटी मियाँको फुसको घर पूर्णरूपमा जलेर नष्ट भएको छ भने अवधेश र रामध्यानको पक्की घरमा आंशिक क्षति पुगेको जिल्ला प्रहरी कार्यालय, बाराले जानकारी दिएको छ।

आगलागीलाई स्थानीयवासी, प्रहरी र वीरगंजबाट गएको वारुणयन्त्रको सहयोगमा एक घण्टापछि नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

## देशभर शुरू भयो आजदेखि एसइई परीक्षा

भक्तपुर, ९ वैशाख/रासस

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) आज बिहान ८ बजेदेखि देशभर एकैसाथ शुरू भएको छ। राष्ट्रिय परीक्षा बोर्डले देशभर दुई हजार सात परीक्षा केन्द्रबाट एकैपटक परीक्षा सञ्चालन गरेको छ।

बोर्डका अध्यक्ष महाश्रम शर्माले परीक्षा शान्तिपूर्णरूपमा सम्पन्न गर्न तथा गराउन सबैमा आग्रह गरेका छन्। कोरोना महामारीका कारण शैक्षिकसत्र २०७७ र २०७६ मा विद्यालयको आन्तरिक मूल्याङ्कनकै आधारमा परीक्षा बोर्डले एसइईको नतीजा सार्वजनिक गरे पनि यस वर्ष भने सामान्य स्वास्थ्य मापदण्ड पूरा गर्दै भौतिक उपस्थितिमैं बोर्डले परीक्षा सञ्चालन गरेको हो।

परीक्षा नियन्त्रक अर्जुन रायमाझीले एसइई परीक्षामा देशभरका ११ हजार ६१५ विद्यालयबाट नियमिततर्फ छात्र एक लाख ५७ हजार ९१४ र छात्रा दुई लाख ५७ हजार ५३ गरी कुल पाँच लाख १४ हजार ९६७ परीक्षार्थी सहभागी भएको जानकारी दिए।

दुई वर्षदेखि रोकिएको ग्रेड वृद्धितर्फ ११ हजार ४५४ विद्यार्थी र प्राविधिक धारका २९९ विद्यालयका १४ हजार ५६४ विद्यार्थी पनि एसइईमा सहभागी भएको उल्लेख गर्दै उनले परीक्षामा सबैभन्दा कम मनाङबाट ४३ विद्यार्थी सहभागी भएको जानकारी दिए। यस वर्षको एसइईमा नेपालीले जापानमा सञ्चालन गरेको एक विद्यालयका २० विद्यार्थी पनि सहभागी भएका छन्।

बोर्डले परीक्षालाई मर्यादित एवं व्यवस्थित बनाउन प्रदेशस्थित सामाजिक विकास मन्त्रालय र जिल्ला परीक्षा समन्वय समितिको व्यवस्थापनमा प्रदेश परीक्षा व्यवस्थापन समिति गठन गरेको छ।

यस वर्षको एसइई परीक्षा सञ्चालनका लागि प्रदेश परीक्षा व्यवस्थापन समितिले परीक्षाको अनुगमनदेखि उत्तरपुस्तिका परीक्षण, संपरीक्षण र रुजूसमेत गर्ने भएको बोर्डका अध्यक्ष शर्माले जानकारी दिए। परीक्षाका लागि प्रदेश परीक्षा व्यवस्थापन समितिमार्फत जिल्ला परीक्षा समन्वय समिति परिचालन गरिएको छ। बोर्डले प्रदेशसँग समन्वय गर्ने र प्रदेश अनुसारका सबै जिल्लालाई निर्देशन दिने तथा अनुगमन गर्नेगरी व्यवस्था गरिएको छ।

प्रदेश परीक्षा व्यवस्थापन समितिले विद्यार्थीको प्राप्ताङ्क पठाएपछि अन्तिममा त्यसलाई रुजू गरेर बोर्डले नतीजा प्रकाशन गर्ने उनले बताए। अध्यक्ष शर्माले भने–"यस वर्ष एक महीना ढिलो परीक्षा शुरू भएको छ, बोर्डले परीक्षाका नियमावली संशोधन गरेर प्रदेशलाई धेरै जिम्मेवारी दिएको छ, नतीजा जारी गर्न केही दिन तलमाथि हुन सक्ला, यद्यपि साउन १ देखि कक्षा ११ को शैक्षिकसत्र शुरू हुनु अघि नै एसइईको नतीजा सार्वजनिक गर्ने लक्ष्य छ।"



सप्तरीको बोदेबरसाइन नपा –५ स्थित चन्द्रा नमुना माविको परीक्षा केन्द्रमा शुक्रवार एसइई परीक्षा दिंदै गरेका छात्रछात्रा। तस्वीरः रासस

कोरोना महामारीका कारण गत वर्षको पढाइ प्रभावित भएपछि चैत महीनाभर कक्षा सञ्चालन गर्ने र वैशाखमा परीक्षा सम्पन्न गरी नयाँ भर्ना अभियान सञ्चालन गरेर जेठ १ देखि कक्षा १–१० को आगामी शैक्षिकसत्र शुरू गर्नेगरी शिक्षा मन्त्रालयले व्यवस्था गरेको छ।

# एसइई : पहिलो दिन पर्सा जिल्लामा मर्यादित

प्रस, वीरगंज, ९ वैशाख/

बिहीवारदेखि शुरू भएको माध्यमिक शिक्षा परीक्षा (एसइई) पहिलो दिन पर्सा जिल्लामा मर्यादित तरीकाबाट सम्पन्न भएको छ।

प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले पहिलो दिनको एसइई पर्सा जिल्लामा शान्तिपूर्वक मर्यादित तरीकाले सम्पन्न भएको बताए। उनीसहितको टोलीले वीरगंज महानगरस्थित विभिन्न सामुदायिक विद्यालयमा रहेका परीक्षा केन्द्रको स्थलगत अनुगमन गरेका थिए।

प्रहरी उपरीक्षक रमेश बस्नेत, सशस्त्र प्रहरी उपरीक्षक तेजप्रकाश


तस्वीर: प्रतीक

पोखरेलसहितको टोलीले एसइई भइरहेका सामुदायिक विद्यालयहरूको अनुगमन गरेका थिए।

# खेलकूदको संसार

## जिम्बावेविरुद्ध खेलका लागि राष्ट्रिय टोली घोषणा

काठमाडौं, ९ वैशाख/रासस

नेपाल क्रिकेट सङ्घ (क्यान)ले जिम्बावेविरुद्ध तीन एक दिवसीय र तीन टी–ट्वान्टी क्रिकेट खेलका लागि आज राष्ट्रिय क्रिकेट टोलीको घोषणा गरेको छ।

क्यानले उक्त प्रतियोगिताका लागि सन्दीप लामिछानेको कप्तानीमा २३ सदस्यीय राष्ट्रिय क्रिकेट टोली घोषणा गरेको हो। कप्तान लामिछानेसँगै नेपाली टोलीमा दीपेन्द्रसिंह ऐरी, कुशल भुर्तेल, आरिफ शेख, आसिफ शेख, रोहित पौडेल, विनोद भण्डारी, करण केसी, सोमपाल कामी, देव खनाल, किशोर महतो र अदिल अन्सारी छन्।

त्यसैगरी भीम सार्की, सुशन भारी, पवन सर्राफ, अविनाश बोहरा, बासिर अहमद, लोकेश बम, विवेक यादव, साहब आलम, सागर ढकाल, विक्रम सोब र सुनील धमला रहेका छन्।

नेपाल र जिम्बावे 'ए' बीचको सिरिज यही वैशाख १७ गतेदेखि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुनेछ। एक दिवसीय सिरिज वैशाख १७ देखि २१ सम्म चल्नेछ भने टी–ट्वान्टी सिरिज वैशाख २३ देखि २६ गतेसम्म चल्नेछ।

# मधेस प्रदेशका आधा मतदान केन्द्र अतिसंवेदनशील

प्रस, वीरगंज, ९ वैशाख/

मधेस प्रदेशका ५० प्रतिशतभन्दा बढी मतदान केन्द्रलाई अतिसंवेदनशील सूचीमा राखिएको छ।

मधेस प्रदेश प्रहरी कार्यालय, जनकपुरधामका प्रहरी नायब महानिरीक्षक उमेश रञ्जीतकारले मधेसका आठवटै जिल्ला भारतीय सीमासँग जोडिएकाले सुरक्षा चुनौतीलाई विश्लेषण गरी निर्वाचन आयोगले प्रदेशका एक हजार ६३ मतदान केन्द्रलाई अतिसंवेदनशीलको सूचीमा राखेको बताए।

यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा अतिसंवेदनशील सूचीमा राखिएका मधेसका मतदान केन्द्रहरूमा त्यही अनुसारको सुरक्षा व्यवस्था मिलाइएको प्रनामनि रञ्जीतकारले बताए।

यसैबीच, स्थानीय तह निर्वाचनलाई दृष्टिगत गरी स्थानीय प्रशासनले इजाजतप्राप्त हतियार बुझाउन गरेको सूचनाबमोजिम मधेस प्रदेशमा १३६ वटा हातहतियार बुझाइएको छ। प्रदेशका आठवटै जिल्ला प्रशासन कार्यालयले चैत मसान्तभित्र इजाजतप्राप्त हातहतियार बुझाउन सूचना जारी गरेको थियो। सोही सूचनाका आधारमा हातहतियार राख्न पाउने इजाजत लिएका व्यक्तिले नजीकको प्रहरी कार्यालयमा हातहतियार बुझाएको प्रदेश प्रहरी कार्यालयले जानकारी गराएको छ।

## निर्वाचन भयरहित सम्पन्न गर्न बैठक

प्रस, वीरगंज, ९ वैशाख/

मुख्य निर्वाचन अधिकृतको कार्यालय, पर्साको आयोजनामा बिहीवार सर्वदलीय, सर्वपक्षीय बैठक सम्पन्न भएको छ।

जिल्ला समन्वय समिति, पर्साको सभाहलमा स्थानीय चुनावलाई लक्षित गरी निर्वाचन निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सरोकारवालाहरूको बैठक बसेको निर्वाचन कार्यालय, पर्साकी प्रमुख निर्वाचन अधिकृत रञ्जीता झाले बताइन्।

बैठकमा सहभागीहरूलाई भयरहित वातावरणमा मतदान गर्न, आचारसंहिताको पालना गर्नेबारेमा मुख्य निर्वाचन अधिकृत धर्मराज पौडेलले जानकारी गराएका थिए। बैठकमा राजनीतिक दलका प्रमुख/प्रतिनिधिहरूले मनोनयनपत्र दाखिलाबारे राखेका जिज्ञासाका बारेमा पनि उनले प्रस्टचाएका थिए।

बैठकमा प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले स्थानीय चुनावलाई लक्षित सुरक्षा व्यवस्थाको बारेमा जानकारी गराएका थिए।

## नीलगाईसँग ठोक्किएर एकजना घाइते

प्रस, वीरगंज, ९ वैशाख/

नीलगाईलाई ठक्कर दिंदा एकजना मोटरसाइकल चालक गम्भीर घाइते भएका छन्।

महागढीमाई नगरपालिका–६ पचरहट्टीका ४० वर्षीय पन्नालालप्रसाद यादव वीरगंजबाट कलैयातर्फ जाने क्रममा फेटा गापा–१ भलुहीचोकमा सडक पार गरिरहेको नीलगाईसँग ठोक्किएर घाइते भएका हुन्। उनी ना.३७प ३५३७ नम्बरको मोटरसाइकलमा सवार थिए। दुर्घटनामा यादवको दाहिने हात र टाउकोमा गम्भीर चोट लागेको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ। घाइते यादवको वीरगंजस्थित नेशनल मेडिकल कलेजमा उपचार भइरहेको बारा प्रहरीले जनाएको छ।

## भन्सार छलीका सामान बरामद

प्रस, वीरगंज, ९ वैशाख/

जिल्ला प्रहरी कार्यालय, पर्साले भन्सार छलीका सामानसहित ट्रक बरामद भएको जनाएको छ।

बिहीवार राति साढे ११ बजे वीरगंजको घण्टाघरमा ना.३ख ३१३ नम्बरको ट्रक चेकजाँच गर्दा सोमा भन्सार छलीका लत्ताकपडा र हार्डवेयरका सामानहरू बरामद भएको जिप्रका, पर्साले जानकारी गराएको छ।

बरामद ट्रक र सामानलाई आवश्यक कारबाईका लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरिएको जिप्रका, पर्साले जनाएको छ।

## गठबन्धन झस्केको.....

थिए।

अहिले राजेशमान जसपामा गएका छन् भने तत्कालीन मधेसी जनअधिकार फोरमबाट सङ्घीय सांसद बनेका श्रीवास्तव अहिले लोकतान्त्रिक समाजवादी पार्टीमा छन्। तत्कालीन मजफो, राजपासहित केही मधेसी दल मिलेर बनेको जनता समाजवादी पार्टीबाट सांसद रहेका उनी जसपा फुटेर बनेको लोसपाबाट सांसद छन्।

यसपटकको स्थानीय चुनावमा महानगरको कुल मतदाता सङ्ख्यामध्ये ६३ प्रतिशत मत खस्यो भने त्यो सङ्ख्या ७८ हजार ५२७ हुनेछ। जसमा नगरप्रमुखका लागि दुईजना मात्र प्रमुख उम्मेदवार भए जीतका लागि कम्तीमा ४० हजार मत आवश्यक हुन्छ। गत चुनावमा तत्कालीन मजफोबाट निर्वाचित नगरप्रमुख सरावगीले प्राप्त गरेको मत सङ्ख्या १९ हजार ३९२ थियो। त्यति बेला मधेस आन्दोलनको उपलब्धिले काम गरेको थियो।

नगरप्रमुख सरावगीले दल बदलेको कारण उक्त मतबाट पनि केही व्यक्तिगत मत आउने अनुमान गरिएको छ। पछिल्लो पाँच वर्षमा आफूले बनाएका विश्वासिला कार्यकर्ताहरूले आफूलाई नै सघाउने विश्वास उनको छ। जसपाबाट चुनाव लड्दा पाएको कुल मतको करीब ४० प्रतिशत मत आफूले पाउने दाबी गर्छन्। त्यसैगरी, नगरप्रमुखले पार्टी परिवर्तन गरेसँगै वीरगंज वडा नं २१, २५, १४ र २८ का वडाध्यक्षहरू पनि जसपा छाडेर एमालेमा प्रवेश गरेका छन्। ३२ वटा वडा रहेको वीरगंज महानगरमा गत चुनावमा एमालेले वडा नं ५, ८, ११, २३, २७ र ३० मा चुनाव जितेको थियो। त्यसैगरी, एमालेले गत चुनावमा वडा नं १३ मा आठ मतले र वडा नं २० मा एक मतले हार बेहोरेको थियो।

वडा नं ४, १२, १७ मा एमाले दोस्रो स्थानमा आएको एमाले, पर्साका इन्चार्ज प्रभु हजारा बताउँछन्। थोरै मतले हारेको वडामा जनाधार तयार पारिसकेको र ती वडामा पनि एमाले बलियो अवस्थामा रहेको इन्चार्ज हजराको दाबी छ। त्यसैगरी, गत चुनावमा वडा नं १, २४ मा पनि प्रतिस्पर्धामा एमाले थियो। एमालेले काङ्ग्रेसबाट निर्वाचित वडा नं २१ का अध्यक्ष हबिब मियाँलाई आफ्नो दलमा भित्र्याइसकेको छ। यसरी हेर्दा ३२ वटा वडामध्ये १३ वटा वडामा एमालेको पकड मजबूत भएको छ। ३२ वटा वडामा प्रतिवडा औसत चार हजार मत छ। महानगरको पुरानो १६ वटा वडामा मतदाता सङ्ख्या बढी र थप गरिएका ग्रामीण भेगका १६ वटा वडामा मतदाता सङ्ख्या कम छ।

**गठबन्धनबाट असन्तुष्टलाई फकाउने दाउमा एमाले**

नेकपा एमाले वीरगंजमा मजबूत अवस्थामा देखिए तापनि जीतको बाटोमा गठबन्धनका मुख्य चार दलका प्रतिनिधित्व नै तनावको विषय बनेको छ। त्यसैको नतीजा हो, उम्मेदवार मनोनयनको पूर्वसन्ध्यामा एमालेले वीरगंजमा लोसपासँग गठबन्धन गरेर अघि बढेको छ। गठबन्धनले लोसपाको मतले पनि एमालेलाई फाइदा गर्ने अनुमान गरिएको छ। गठबन्धनले वीरगंजको नगरप्रमुख जसपालाई दिएपछि नेपाली काङ्ग्रेसका असन्तुष्ट नेता, कार्यकर्ताहरूलाई आन्तरिकरूपमा फकाएर एमालेले चुनावमा दाउ खेल्न सक्ने ठाउँ छ। जसले गर्दा गठबन्धन कमजोर पार्ने र एमालेलाई मजबूत पार्ने एमालेको अहिलेको नीति हुन सक्छ। त्यसको लागि एमालेले सबै प्रयास गर्ने सो दलका नेताहरू बताउँछन्। नेकपा एमालेका केन्द्रीय सदस्य राजकुमार गुप्ताले गठबन्धनले पार्टीलाई घाटा नभई अझै फाइदा पुगेको दाबी गर्छन्। वीरगंज भनेको अहिलेको परिप्रेक्ष्यमा जसपा, काङ्ग्रेस र एमालेको पकड भएको पालिका हो, एमाले पहिलाभन्दा मजबूत भएर आएको छ। तर गठबन्धनको निर्णयले काङ्ग्रेसलगायत अन्य दलका नेता रुष्ट छन्, उनले भने, हामीले लोसपासँग मिलेर चुनाव लडिरहेका छौं, तर गठबन्धनले आफ्नै उम्मेदवारलाई घात गर्ने सम्भावना बढी छ। हामीले असन्तुष्ट नेताहरूलाई फकाउने प्रयास जारी राखेका छौं।

यता, गठबन्धन दलका जिल्लाका मुख्य नेताहरूले अगामी चुनावमा गठबन्धन नै बलियो अवस्थामा रहेको आकलन गरेका छन्। उनीहरूले धेरै दलबाट धेरै उम्मेदवार चुनाव उठ्दा गठबन्धन कमजोर पर्ने र एमालेले चुनाव जित्ने कुरालाई मध्यनजर गर्दै गठबन्धनले साझा उम्मेदवार तय गरेको बताए।

त्यसैले स्थानीय चुनाव एमालेलाई भारी पर्ने उनीहरूको ठम्याइ छ। गठबन्धनका एकजना नेता गठबन्धन दलका नेता, कार्यकर्ताहरूले घात नगरे स्थानीय चुनावमा एमालेलाई भारी मतान्तरले पराजित गर्ने दाबी गर्छन्।

## नगरप्रमुखद्वारा पदबाट राजीनामा

प्रस, वीरगंज, ९ वैशाख/

वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले पदबाट राजीनामा दिएका छन्। सर्वोच्च अदालतले स्थानीय तहको निर्वाचनमा जनप्रतिनिधिहरूले पदबाट राजीनामा गरेर मात्र मनोनयनपत्र दाखिला गर्नुपर्ने र चुनावमा उम्मेदवार बन्न पाउने आदेश जारी गरेको थियो।

सर्वोच्चको आदेश आएपछि स्थानीय तहमा पदबाट राजीनामा दिने महानगरका प्रमुखमा सरावगी पहिलो भएका छन्। स्थानीय तहको निर्वाचनका लागि यही वैशाख ११ र १२ गते आइतवार र सोमवार दुई दिन मनोनयनपत्र दर्ता गर्नुपर्ने मिति तय भएको छ। मनोनयनपत्र दाखिला गर्नुअघि निर्वाचित जनप्रतिनिधिहरूले पदबाट राजीनामा गर्नै पर्ने सर्वोच्चको आदेश छ।

नगरप्रमुख सरावगीले आगामी निर्वाचनमा एमालेबाट वीरगंज महानगरको प्रमुखको उम्मेदवार भएका कारण पदबाट राजीनामा गरेका हुन्। उनले हिजो प्रमुख प्रशासकीय अधिकृत निश्चलराज पाण्डेलाई राजीनामापत्र बुझाएको बताइएको छ।

## नेकपाले मनायो लेनिन जयन्ती

प्रस, वीरगंज, ९ वैशाख/

विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले लेनिन जयन्ती र पार्टी स्थापना दिवस मनाएको छ।

शुक्रवार वीरगंजको भवानी अस्पतालको सभाकक्षमा नेकपा पर्सा र बाराले लेनिन जयन्ती र स्थापना दिवसको अवसरमा अन्तर्क्रिया कार्यक्रम गरेको छ। कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य एवं पर्सा/बारा इन्चार्ज गुणराज लोहनीले एकीकृत क्रान्ति सम्पन्न गर्नुपर्ने बताए। उनले चुनाव भ्रम भएको र यसलाई बहिष्कार गर्नुपर्ने बताए। गणेश साहको अध्यक्षतामा भएको कार्यक्रममा वैज्ञानिक समाजवादी पार्टीका प्रबुद्ध संयोजक नन्दन अर्याल, मिथिला–भोजपुरा संयोजक बैधनाथ ठाकुर, नेकपाका शिव चौधरी, किशोरी साह, प्रदीप बमजनलगायतले



मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण नीरज साहले गरेका थिए।







**हावाहुरीबाट बचौं र बचाऔं।**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतमा गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायत वस्तुहरू खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समय सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |